# वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारुप

नेपाल सरकार

(कार्यकारी सारांश)




## व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रा (इभेन्ट II)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो
काठमाडौं, नेपाल

जनवरी २०१८

## कार्यकारी सारांश

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोश्रो (सन २०१७–२०२२)ले आन्तरिक र बाह्य श्रम बजारमा उत्पादन अभिवृद्धि गर्ने, आय र रोजगारीका साथै गरिबी निवारण गर्ने नेपाल सरकारको लक्ष्यमा सहयोग पुर्‍याउँदछ। यो परियोजना पहिलो चरणमा संचालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (इभेन्ट परियोजना सन २०११ देखि २०१६) को सफलता तथा अनुभवमा आधारित छ। यस परियोजनाको मुख्य उद्देश्य नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको सुदृढीकरण गर्नुका साथै गुणस्तरयुक्त तालिममा पहुँच अभिवृद्धि गरी सिपयुक्त र रोजगारका लागि उपयुक्त जनशक्तिको आपूर्ति बढाउने रहेको छ। यस परियोजनाले विशेषत सुविधा विहीन युवाहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा समावेशी प्रक्रियाबाट पहुच अभिवृद्धिमा बढवा दिनेछ। परियोजनाका सम्पूर्ण गतिविधीहरुले नेपाल सरकारको वातावरण, सामाजिक नीति, नियमावलीहरु र निर्देशिकालाई पालना गर्नु पर्दछ। साथै यसले विश्व बैकद्धारा अबलम्बन गरिएको वातावरणीय र सामाजिक सुरक्षणको आवश्यकतालाई समेत पालना गर्नु पर्दछ।

## वातावरणीय मूल्यांकन

इभेन्ट परियोजना (दोश्रो) ले प्राविधिक र व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कार्यक्रमलाई जोड दिएको छ। यस परियोजना अन्तर्गत गरिने कार्यका गतिविधीहरु साना तथा एकै ठाउँमा केन्द्रीत/सिमीत (site specific) हुनेछन। वातावरणीय नकारात्मक असरका पक्षहरु एकदमै न्यून हुने  अपेक्षा गरिएको छ। निमार्ण कार्य, विस्तार, विद्यमान संरचनाको स्तरोन्नति, कक्षाकोठा र प्रयोगशाला र कार्यशालाको निर्माण कार्य जस्ता गतिविधिहरुबाट हुने सभ्भावित वातावरणीय प्रभावहरु एकैठाउँमा सिमीत हुने अनुमान गरिएको छ।  सभ्भावित वातावरणीय चुनौति र सवालहरु एकदमै न्यून भएता पनि लक्षित संस्थाहरु र परियोजना कार्यान्वयन गर्ने संस्थाहरुले कुनैपनि कार्य प्रारम्भ गर्नु पूर्व वातावरणीय छनौट परीक्षण (Environmental screening) गर्नु पर्नेछ। नेपाल सरकारले वातावरणीय मूल्यांकनको लागि अनुमोदन गरेको मापदण्ड भन्दा माथि नगए सम्म इभेन्ट परियोजना (दोश्रो) अन्तर्गतका गतिविधिहरुले वातावरणीय मूल्याकन आवश्यक पर्दैन।

## जोखिम समुदाय विकास प्रारुप/लैगिंक विकास प्रारुप

यस परियोजनाले जोखिम समुदायका युवाहरु, गरिव, दलित, महिला, मधेशी र सुविधाविहीन जनजातिलाई परियोजनाको मुख्य लाभान्वित समुदायका रुपमा लक्षित गरेको छ। परियोजनालाई सफल ढंगबाट कार्यान्वयन गर्नका लागि जोखिम समुदाय विकास कार्यक्रम र लैङ्गिक विकास प्रारुप  तयार पारिएको छ। जसले गर्दा परियोजना अन्तर्गतका गतिविधिहरुमा विपन्न, सिमान्तकृत र महिलाहरुको समावेशी सहभागिता सुनिश्चितता गर्नका लागि सहयोग पुग्नेछ र लक्षित समुदायले परियोजनाबाट लाभान्वित हुन सक्नेछन।

## वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुप

वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपले जोखिम समुदाय विकास  प्रारुप र लैङ्गिक विकास प्रारुपलाई समेत समेटदछ। यस प्रारुपलाई परियोजना गतिविधिहरुको तयारीदेखि, कार्यान्वयन र मुल्याङ्कन गर्ने व्यवहारिक औजारका रुपमा लिइएको छ। यसले इभेन्ट परियोजनाको दोश्रो चरणका गतिविधिहरुको योजना र विकासलाई सरलीकृत चरणहरुमा व्याख्या गर्नुका साथै आवश्यक प्रक्रिया र मार्गदर्शन तथा आवश्यक मापदण्डका बारेमा उल्लेख गरेको छ।

यसले सम्भावित प्रतिकूल असर र वातावरणीय प्रभावका साथै जोखिमयुक्त समुदायको परियोजनामा सहभागिता सुनिश्चितता गर्ने आधारहरु समेत तय गरेको छ । वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपले समग्रतामा निम्न कुराहरुलाई समेटेको छ ।

- कार्यक्रमसँग सम्बन्धित सूचनामा सहज पहुँच सुनिश्चिताका लागि विभिन्न भाषा र विभिन्न माध्यमहरु मार्फत संचार र पहुँचमा अभिवृद्धि गर्न आवश्यक छ ।

- सामान्यतया इभेन्ट परियोजना (दोश्रो) मा उल्लेखित गतिविधिहरुका लागि औपचारिक वातावरणीय प्रभाव मुल्याङ्कन (Environmental Impact Assessment [EIA]) प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Assessment [IEA]) आवश्यक छैन । तरपनि यस चरणमा उल्लेखित प्रत्येक भौतिक पूर्वाधार र तालिम सम्बन्धी क्रियाकलापहरुका लागि वातावरणीय र सामाजिक छनौट परीक्षण (Environmental and social screening) गर्न सम्बन्धित सबै सरोकारवालाहरु वाध्यकारी हुने छन् । वातावरणीय र सामाजिक छनौट परीक्षणको आधारमा वातावरणीय व्यवस्थापन योजना (Enviironmental Managment Plan) आवश्यक भएको खण्डमा उक्त वातावरणीय व्यवस्थापन योजना प्रतिबेदन तयार गरिनेछ र यो प्रतिबेदन सेवा प्रादयक निकायहरु र कार्यान्वयन गर्ने साझेदार संस्थाहरुका लागि अन्तिम प्रतिबेदनको रुपमा रहनेछ । वातावरणीय प्रभाव न्यूनीकरणका लागि बजेट आवश्यक पर्ने भएमा परियोजना प्रस्तावना (Project Proposal) मा उल्लेख गर्न सकिनेछ ।

- वातावरणीय र सामाजिक छनौट परीक्षण (Environmental and social screening) बाट प्राप्त सुझाव र वातावरणीय व्यवस्थापन योजनालाई योजना, निमार्ण कार्य र सम्झौता पत्रमा समावेश गरिनेछ ।

- समयामा नै सूचनाहरुको सम्प्रेषण गर्न, पारदर्शिता सुनिश्चित गर्न र सम्भावित विवाद र जोखिमहरुको न्यूनीकरण र जोखिमयुक्त समुदायका प्राथमिकता र आवश्यकताहरुको यथोचित समाधानका लागि सार्वजनिक रुपमा छलफल गरिनेछ ।

- विभिन्न तहमा हुने गुनासोहरुलाई प्रभावकारी व्यवस्थापन गर्नका लागि गुनासो अभिलेखीकरण प्रणाली स्थापना गरिनेछ । विभिन्न तह र माध्यमबाट प्राप्त गुनासोहरुको प्रकार र समाधानका लागि गरिएका प्रयासहरुको सम्बन्धमा प्रतिवेदन तयार गरी परियोजनाको वेवसाइटमा सार्वजनिकीकरण गरिनेछ ।

- परियोजनाको नियमित अनुगमन प्रणालीले विभिन्न सूचकहरु र वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपमा उल्लेख भए बमोजिमका अनुगमन संयन्त्रलाई समेटनेछ ।

**क्षमता अभिवृद्धि**

वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपको प्रभावकारी कार्यन्वयनका लागि विभिन्न तहमा क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ । परियोजनाले कम्तिमा एक जना कर्मचारीलाई सुरक्षण (safeguard Focal Point) समन्वयकारी भूमिकामा नियुक्त गर्नेछ । परियोजनाले सुरक्षण विशेषज्ञ (safeguard specialist) परामर्शदाता नियुक्त गर्नेछ । बिशेषज्ञ परामर्शदाताले वातावरणीय र सामाजिक आवश्यकताहरुको सन्दर्भमा परियोजनामा आबद्ध कर्मचारीहरुलाई सचेतना र अभिमुखीकरण तालिम तथा परियोजना अन्तर्गतका विभिन्न गतिविधिहरुसँग सम्बद्ध सम्पूर्ण साझेदार संस्थाका प्रतिनिधिहरुलाई लक्षित गरी वातावरणीय र सामाजिक योजना तथा व्यवस्थापनका सन्दर्भमा सचेतना, अभिमुखीकरण र तालिम लगायतका गतिविधिहरु संचालन गर्नेछ ।

समन्वयकारी व्यक्ति सुरक्षण विशेषज्ञको सहयोगमा,वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपको कार्यान्वयन र यसमा उल्लेख गरिएका प्रावधानहरुको सुनिश्चितताका साथै सूचना सम्प्रेषण, अभिमुखीकरण, क्षमता अभिवृद्धि, र परियोजना गतिविधिहरुको आधारभूत मापदण्ड अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार हुनेछ । कार्यान्वयनको अवस्था र मापदण्डहरु परिपूर्तिको अवस्थालाई प्रत्येक त्रैमासिक प्रतिवेदनमा उल्लेख गरिनेछ । वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता परेमा थप जनशक्तिको व्यवस्था समेत गरिनेछ ।

**वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुप प्रचार-प्रसार तथा सार्वजनिकीकरण**

यस परियोजनाले वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुपलाई परियोजनको वेवसाइटमा सार्वजनिकीकरण गर्नेछ । यस वातावरणीय र सामाजिक व्यवस्थापन प्रारुप र प्रारुपको सारांश परियोजनाको वेवसाइटमा राखिनेछ । साथै उक्त सूचना परियोजनाका सम्भव भए सम्म अन्य पक्षहरुमा समेत उपलब्ध गराइनेछ । प्रत्येक परियोजना गतिविधिहरुसँग सम्बन्धित साझेदार सस्थाहरुलाई कार्यकारी सारांश र वातावरणीय तथा सामाजिक छनौट परीक्षण (Environmental and social screening checklist) वितरण गरिनेछ ।